# दुहवी नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

**दुहवी, सुनसरी**

**1 नं. प्रदेश, नेपाल**

## सवारी साधन खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति : २०७५।०५।२०।

यस नगरपालिकाको लागि (१) एक वटा Double cap pick-up गाडी को आवश्यक्ता भएको हुदा ईच्छुक फर्म, संस्था, कम्पनी वा निर्माता कम्पनीका अधिकृत विकेताहरुवाट तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि के कति दरमा उक्त गाडी उपलब्ध गराउन सकिन्छ, यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र रितपुर्वकको सिलबन्दी बोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ ।

तपसिल :

१. बोलपत्र दस्तुर वापत तपसिल बमोजिमको रकम (फिर्ता नहुने गरी) बुझाई आ.व. २०७४/२०७५ को नविकरण भएको इजाजत पत्र, आयकर दर्ता र मुल्य अभिवृद्धि कर दर्ता भएको प्रमाणित प्रतिलिपि, करचुक्ता गरेको प्रमाणित प्रतिलिपिका साथै सुचना प्रकाशित भएको मितिले उल्लेखित म्याद भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखावाट कार्यालय समय भित्र दरभाउ पत्र खरिद गर्न सकिने छ ।

२.खरिद गरिएको बोलपत्र प्रथम पटक सुचना प्रकाशित मितिले ३१ औ दिन दिनको १२:०० बजे भित्र श्री दुहवी न.पा. कार्यालयको आर्थिक प्रशासन शाखामा दर्ता गराई सक्नु पर्ने छ । म्याद भित्र दर्ता भएको बोलपत्र, अन्तिम दिनको २:०० बजे यस कार्यालय तथा बोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा नगरपालिकामा खोलिने छ । बोलपत्र दाताहरुको प्रतिनिधि, उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र जमानत बापत धरौटी रकम (पछि फिर्ता हुने ) एन.आई.सी.बैक शाखा दुहवी ग-३ धरौटी खाता ABCA499378524003 मा जम्मा गरेको सक्कल भौचर वा “क” वर्गको बैंकले न.पा.को नाममा जारी गरेको कम्तीमा ९० दिनको बैंक जमानत (बैंक ग्यारान्टी) पेश गर्नु पर्ने छ ।

४. बोलपत्र दाताले दरभाउ पत्रमा मुल्य अभिबृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिने छ । केरमेट भएको ठाँउमा बोलपत्र दाताको सही छाप हुनु पर्ने छ ।

५. बोलपत्र खरिद दर्ता र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

६. यस कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र आंशिक वा-पुर्ण स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. सिलबन्दी बोलपत्रको कागजात पेश गर्दा खाममा स्पष्टसंग कार्यालयको नाम, ठेक्का न., कामको विवरण तथा बोलपत्रदाताको नाम र ठेगाना खुलाई सिलबन्दी गरिएको हुनु पर्ने छ ।

८. म्याद नाघी आएको, रित नपुगको र शर्त राखिएको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।

९. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

१०. यसमा उल्लेखित बाहेक अन्य विषयहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ बमोजिम हुनेछ ।

११. यो सूचना दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको website: www.duhabimun.gov.np मा समेत राखिएको छ ।

१२. अन्य थप केही कुराहरु बुझ्नु परेमा यस न.पा.को आर्थिक प्रशासन शाखामा सम्पर्क गरी जानकारी लिन सकिने छ ।

| क.सं | सुचना न. | कामको विवरण | आवश्यक संख्या | बोलपत्र दस्तुर | बोलपत्र खरिद तथा दाखिला गर्ने म्याद | बिड बण्ड रकम |
|---|---|---|---|---|---|---|
| १ | 01/Vehicle/2075/076 | Double cap pick-up गाडी | १ (एक) | ३०००। | ३० दिन | १,००,०००।०० |

Duhabi Municipality    Email: duhabibhaluwamun@gmail.com    Ph.025-540024